# हिमाल सफा राख्ने सम्बन्धि रणनीति

# (२०८२-२०८६)

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सिंहदरवार काठमाडौं नेपाल ।

मितिः जेष्ठ २०८२

# परामर्शदाता

रिसर्च इन्क्लेव प्रा. लि.
का.म.न.पा. ३१, हनुमान मार्ग, शंखमुल
काठमाडौं, नेपाल
ईमेलःresearchenclave@gmail.com
सम्पर्क नं. ०१-५२४२९१८

# विषय सूची


परामर्शदाता

विषय सूची

परिच्छेद एक परिचय ..... १

१.१ पृष्ठभुमि ..... १

१.२ नेपालको भौगोलिक विशिष्टता ..... १

१.३ हिमाल आरोहणको बढ्दो आकर्षण र यसका चुनौति ..... २

१.४ अध्ययनको उद्देश्य ..... ३

१.५ अध्ययनका मुख्य क्षेत्र तथा क्रियाकलापहरु ..... ३

१.६ अध्ययन बिधि ..... ४

१.६.१ तथ्याङ्क सङ्कलन र प्रतिवेदन तयारी ..... ४

परिच्छेदः दुई ..... ५

हिमालको फोहोर ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण ..... ५

२.१ नीतिगत र कानुनी ब्यवस्था ..... ५

२.२ हिमालको फोहोर ब्यवस्थापनबारे भएका विगतका प्रयासहरु ..... ६

२.३.वर्तमान अवस्था ..... ८

२.४ सगरमाथा लगायत हिमालको फोहोर व्यवस्थापन सम्बन्धमा मुख्य सरोकारवालाहरुको दृष्टिकोण ..... ९

परिच्छेद तीनः हिमाल सफा राख्ने सम्बन्धि रणनीति (२०८२-२०८६) ..... ११

३.१ सन्दर्भ ..... ११

३.२ समस्या तथा चुनौति ..... ११

३.३ रणनीतिको आवश्यकता ..... १२

३.४ दीर्घकालिन सोच ..... १३

३.५ लक्ष्य ..... १३

३.६ उद्देश्य ..... १३

३.७ फोहोरमैला व्यवस्थापनका रणनीति ..... १३

३.८ कार्यनीति ........ १४
३.९ रणनीतिक योजना कार्यान्वयन निर्देशक समिति ........ १६
३.१० रणनीति कार्यान्वयन कार्य योजना ........ १७
३.११ रणनीति कार्यान्वयन कार्य योजना-सगरमाथाका लागि ........ २५
अनुसूची ........ २७
अनुसूची १ मुख्य साझेदार संस्थाहरु ........ २८

# परिच्छेद एक परिचय

## १.१ पृष्ठभुमि

धर्तीको सर्वोच्च विन्दु "सगरमाथा" भूगोल र प्रकृति प्रेमिहरु तथा साहसिक र अन्वेषणात्मक खोजकर्ताहरुका लागि उत्प्रेरक र आकर्षणको केन्द्र बन्दै आएको छ । देवचुली ,चोमोलुङ्मा ,नौबन्धन, पन्ध्रौं चुली आदि नामले प्रसिद्धि कमाएको सर्वोच्च शीखरले बेलायति सर्भेयर जर्ज एभरेष्टको नामबाट Everest "अङ्ग्रेजी" नाम र इतिहास शीरोमणि बाबुराम आचार्यबाट "सगरमाथा" नेपाली नाम जुराएपछि यो चुचुरोले संसारको ध्यान आकर्षित गर्यो । सन् १९५३ मे २९ मा न्युजिल्याण्डका एडमण्ड हिलारी र नेपालका तेञ्जिङ्ग नोर्गे शेर्पाले पहिलो पटक चुचुरोको सफल आरोहण गरे पछि विश्वभर सगरमाथाको चर्चा चुलिएको देखिन्छ ।

सन् १९५३ पछि संसारको सर्वोच्च शीखर सगरमाथा र उच्च हिमाली क्षेत्रको भूगोल, पर्यावरण, जैविक विविधता आदिबारेमा नजिकबाट जान्न, अनुभव गर्न र प्राकृतिक चुनौतिहरुसँग सामना गर्दै सगरमाथा लगायत अग्ला चुचुराहरुको सफल आरोहण गर्न चाहने स्वदेशी तथा विदेशी पर्वतारोहिहरुको सङ्ख्या बढ्दै गएको देखिन्छ । यससँगै पर्वतारोहणका क्रममा पर्वतारोहिहरुले छाडेका वा छाड्न बाध्य भएका जैविक तथा अजैविक वस्तुहरुको परिमाण बढ्दै गएको छ । जलवायु परिवर्तनका कारण भूसतहमा भएको तापक्रम बृद्धिले हिमाली क्षेत्रको हिम सतह घट्ने र वातावरणीय जोखिम बढ्ने क्रममा छ । यसले उच्च हिमालको प्राकृतिक वातावरण र सुन्दरतामा असर पर्दै आएको छ ।

सगरमाथा लगायत नेपालका सयौं हिमाल, हजारौं हिमाली पाटनहरु, हिमताल तथा हिमनदिहरु, हिमाली क्षेत्रको जैविक विविधता र वन्यजन्तुहरु पर्यटन प्रयोजनका लागि अतुलनीय सम्पदाहरु हुन् । नेपालको पर्यटन उद्योगको धमनी हाम्रो हिमाल स्वच्छ जल भण्डारपनि हो । हजारौं नदि तथा खोलाहरुको माध्यमबाट करोडौं मानव, जीवजन्तु, वनस्पति आदिको प्राण बचाउने स्वच्छ पानीको भण्डार पनि हिमालय क्षेत्र नै हो । यस अर्थमा हिमाल आरोहि, पदयात्रीहरुको मानविय क्रियाकलापबाट उत्पन्न हुने (मल-मुत्र, मृत शरीर, क्यान, बोतल, प्लाष्टिक, टेण्ट, पाउच, झोला, खोल आदि) वस्तुहरुको उचित ब्यवस्थापन हुन नसके हिमाली क्षेत्रको पर्यावरणमा नकारात्मक असर पर्छ ।

## १.२ नेपालको भौगोलिक विशिष्टता

विश्वभर पहिचान भएका आठ हजार मिटर भन्दा अग्ला १४ हिमाल मध्ये नेपालमा ८ वटा हिमाल अवस्थित छन् (सगरमाथा, मकालु, कञ्चनजङ्घा, लोत्से, चोयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण) । समुद्र सतहबाट ६० मिटरदेखि ८८४८.८७ सेन्टिमिटर सम्मको भौगोलिक र धरातलीय विशेषता भएको नेपालमा २८ वटा हिमश्रृंखलाहरु छन् । यी हिम श्रृंखलाहरुबाट ६००० भन्दा बढी साना ठुला नदी तथा खोलाहरुको उत्पत्ति भई तलका भेगहरुलाइ सिञ्चित गरेका छन् । नेपाल भरिमा ५३५८ तालहरु

छन् भने २३२३ वटा हिमतालका साथै अनौठा कुण्ड, झर्ना, हिमनदीहरु छन् । त्यसैगरी विश्वका ६ हजार मिटर माथिका हिमाल मध्ये १३१० हिमाल नेपालमा छन् (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन् २०१५) ।

यहि कारण नेपालले "हिमालयको देश" को उपमा सहित विश्व समुदाय माझ छुट्टै पहिचान बनाएको छ भने ५००० मिटर माथिका हजारौं हिम चुचुराहरुले नेपालको प्राकृतिक सुन्दरता र बैभवतालाई सगरमाथा जत्तिकै अग्लो बनाएका छन् । यहि कारण संसारभरका शाहसिक पर्वतारोही, भौगोलिक अध्येता, अन्वेषक र खोजकर्ताहरुका लागि नेपाल अद्वितीय र निर्विकल्प गन्तब्य बन्दै आएको छ । यो नेपालका लागि राम्रो अवसर पनि हो ।

## १.३ हिमाल आरोहणको बढ्दो आकर्षण र यसका चुनौति

हिमालयको प्राकृतिक सौन्दर्य अवलोकन गर्न तथा चुचुरो चुम्ने अभिलाषा सहित हजारौं विदेशी पर्यटक नेपाल आउने गर्छन् । सन् २०२४ को जनवरी १ देखि डिसेम्बर ३१ सम्ममा ४२२ जनाले सगरमाथा आरोहणको अनुमति लिएकोमा २९९ जनाले सफल आरोहण गरेका छन् जसमा ६१ जना महिला र २३८ जना पूरुष रहेका छन्, (सं. प. ना. उ. मन्त्रालय-२०२४) । पर्यटनमा सूचना प्रविधिको प्रयोग, नेपालको बाह्य जगतसँगको सम्पर्क विस्तार, पर्यटन पूर्वाधारको विस्तार, अतिथि सेवा ब्यापारका लागि आवश्यक जनशक्तिको विकास आदि कारण नेपालको पर्यटन उद्योग फस्टाउने क्रममा छ । पर्वतारोहणका नयाँ गन्तब्यहरु पहिचान हुँदै जानु, पर्यटनका माध्यम तथा साधनहरु थपिँदै जानु, राज्यका नीति तथा कार्यक्रमहरुले पर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै जानुले पनि नेपालको आकर्षण बढ्दै गएको हो । गत दशकहरु देखिनै हिमचुचुराहरुको आरोहणमा विश्वभरका आरोहीको उत्साह बढेको छ र यो मुलुकको समृद्धिका लागि हितकर पनि छ, (नेपाल पर्यटन बोर्ड, २०२४)

तर, हिमाल आरोहीको सङ्ख्या बढेसँगै स्थानीय वातावरण, जैविक विविधता, प्रदुषण, फोहोर उत्सर्जन लगायतका चुनौतिहरु थपिँदै गएका छन् । पर्वतारोहीले कति सामग्री बोक्ने, कुन-कुन र कस्ता सामग्री पर्वतारोहीले लिएर जान सक्ने, प्रयोग भइसकेका सामग्रीहरुको ब्यवस्थापन कसरी गर्ने, मल मुत्र सहित प्रयोग भइ सकेका सड्ने र नसड्ने सामग्रीहरु कसरी ब्यवस्थापन गर्ने आदि बारेका नियम, मापदण्ड र नियामक औजारहरु कार्यान्वयनमा छन् तरपनि भौगोलिक र वातावरणीय कठीनाइ, कमजोर पूर्वाधार, उच्चगुणस्तरको प्रविधि अभाव आदिका कारण अपेक्षा गरिएको उपलब्धी प्राप्तिमा कठिनाइ भइरहेको अवस्था छ ।

फोहोर व्यवस्थापन र हिमाली क्षेत्रको स्वच्छता कायम राखी यसको दिगो प्रयोग सुनिश्चित गर्नु आवश्यक छ । यसका लागि हिमालसँग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकार मातहतका सम्बन्धित मन्त्रालय र विभागहरु, प्रदेश र स्थानीय तहका सम्बन्धित ईकाईहरु, स्वच्छ हिमाल अभियानमा आबद्ध सङ्घ-संस्था, समुदाय तथा अन्तराष्ट्रिय साझेदारहरुको प्रयासलाई एकिकृत र समायोजित तरिकाले परिचालन गर्न र फोहोर रहित स्वच्छ हिमालको अस्तित्व बचाई राख्न पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले

नेतृत्वदायी जिम्मेवारी लिदै आएको छ । सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु क्षेत्र लगायत अन्य हिमालमा समेत आरोहीको चाप बढ्दै गएका कारण पर्वतारोहण र पदयात्राका क्रममा निस्कने सबैखाले फोहोरहरुको उचित व्यवस्थापन तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाउन हिमाली क्षेत्रको फोहोर व्यवस्थापनका लागि योजनाबद्ध प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ।

## १.४ अध्ययनको उद्देश्य

हिमाल आरोहणको क्रममा आरोहीहरुबाट उत्सर्जन हुने सबैखाले फोहोर (कुहिने र नकुहिने दुबै), मलमुत्र, मृत मानव शरीरको उचित व्यवस्थापन गरी हिमाली क्षेत्रमा स्वच्छता राख्ने कार्यलाई व्यवस्थित गर्न रणनीतिक योजना तयार पार्नु यो अध्ययनको उद्देश्य हो । यसका बिशिष्ट उद्देश्यहरु निम्न छन् ।

१। सगरमाथा क्षेत्रमा फोहोर ब्यवस्थापनका लागि हालसम्म गरिएका प्रयास र अवस्थाको विश्लेषण गर्नु ।

२। हिमाललाई सफा राख्न आवश्यक रणनीतिको पहिचान गरी रणनीतिक योजना निर्माण गर्नु ।

## १.५ अध्ययनका मुख्य क्षेत्र तथा क्रियाकलापहरु

उच्च हिमाली क्षेत्रको फोहोर व्यवस्थापन खर्चिलो, चुनौतिपूर्ण र सुरक्षाका दृष्टिले जोखिमयुक्त भएकाले यस कार्यका लागि कुनै एक समूह, संस्था वा निकाय भन्दा बहुसरोकारवाला निकायहरुको (सङ्घ, प्रदेश र स्थानीय सरकार, स्वदेशी तथा विदेशी सङ्घ संस्थाहरु, सुरक्षा निकायहरु, राष्ट्रिय निकुञ्ज, पर्वतारोहण सङ्घ र व्यवसायीहरु, पर्वतारोही दल र त्यसका सदस्यहरु, होटल व्यवसायी, पथ-प्रदर्शक आदि) एकिकृत सहकार्य र प्रभावकारी समन्वय जरूरी हुन्छ । यस पक्षलाई ध्यानदिई यो अध्ययन निम्न बिषयमा केन्द्रित छ ।

१। फोहर व्यवस्थापनका सम्बन्धमा विद्यमान कानुनी व्यवस्थाको पर्याप्तता, प्रभावकारीता र दक्षताबारेको विश्लेषण ।

२। हिमाल आरोहणमा जाने आरोही दलका सदस्यहरुले पालना गर्नुपर्ने नियम र कानूनको परिपालनाको अवस्थाको विश्लेषण।

३। फोहोर पहिचान, वर्गीकरण, सङ्कलन र ब्यवस्थापन (पुनः प्रयोग वा प्रशोधन वा अन्तिम विसर्जन) का सम्बन्धमा हालको अभ्यास सिकाई र सफल अभ्यासको तुलनात्मक अध्ययन।

४। आरोहण दल (आरोही, आरोहण टोलीको सरदार, पथ प्रदर्शक, आरोहण सहयोगी, संपर्क अधिकृत आदि) को जिम्मेवारी र दलका सदस्यहरुबाट संपादन भएका फोहोर ब्यवस्थापन क्रियाकलापहरुको गुणस्तर नियन्त्रण प्रणाली बारे अध्ययन ।

५। पर्वतारोहणका क्रममा हुन सक्ने वातावरणीय क्षति न्युनिकरणका लागि अपनाउनु पर्ने उपायको बिश्लेषण ।

६। फोहोर ब्यवस्थापन गर्ने कार्यमा अन्तरसरकार र सरोकारवालाहरुको समन्वय र साझेदारी र जिम्मेवारी बाडफाँडको विश्लेषण ।

७। सुरक्षा निकाय (नेपाली सेना, ससस्त्र प्रहरी बल, निकुञ्ज सुरक्षा दल, पर्यटन प्रहरी) ले फोहोर व्यवस्थापन, क्षति न्यूनिकरण र सुरक्षित आरोहण गराउने क्रममा सञ्चालन गरेका कार्यक्रम तथा क्रियाकलापहरुको विश्लेषण ।

८। हिमाली क्षेत्रको फोहोर व्यवस्थापन बारे स्वतन्त्र विश्लेषक, अनुसन्धानकर्ता, आरोही दलका सदस्यहरुबाट भएका खोज, अनुसन्धान र अनुभव, लेख रचना आदिको विश्लेषण गरिएको ।

## १.६ अध्ययन बिधि

यो अध्ययन सगरमाथा क्षेत्रको दिगो फोहोर व्यवस्थापन र हिमाली क्षेत्रको प्राकृतिक सुन्दरता, शुद्धता तथा स्वच्छता कायम राख्न के कस्ता सम्यन्त्र आवश्यक पर्छन्? हिमाली क्षेत्रमा उत्सर्जन भएको दुषित वस्तु (फोहोर) कसरी व्यवस्थापन गर्न सकिन्छ? फोहोर व्यवस्थापन गर्ने कार्यमा आबद्ध हुनु पर्ने निजी, सामुदायीक, सरकारी र अन्तराष्ट्रिय संयन्त्रहरुलाई कसरी परिचालन गर्दा सगरमाथा क्षेत्रको फोहोर व्यवस्थापन प्रभावकारी हुन्छ? र हाम्रो हिमालको स्वच्छतालाई कसरी जीवन्त राख्न सकिन्छ? भन्ने जस्ता प्रश्नमा केन्द्रित छ। अध्ययनको क्रममा विषयवस्तुसँग सम्बन्धित स्थानीय, प्रदेश र सङ्घीय सरकार तथा अन्य निकायहरुबाट भएका अध्ययन प्रतिवेदनको अध्यन र विश्लेषण गरिएको छ । संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बोर्ड, पर्वतारोहण सङ्घ आदिले प्रकाशन गरेका दस्तावेजहरुलाई समेत अध्ययन तथा विश्लेषण गरिएको छ।

### १.६.१ तथ्याङ्क सङ्कलन र प्रतिवेदन तयारी

यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलनका लागि ४ देखि ६ जना सूचकहरुको समूह बनाई हिमालको सरसफाईका सम्बन्धमा बिस्तृत छलफल गरी सूचना सङ्कलन गरिएको छ।साथै हिमालको सरसफाईका बारे दखल राख्ने विशेष व्यक्तिहरुसँग भर्चुअल र प्रत्यक्ष छलफल गरी सूचना सङ्कलन गरिएको छ । प्रश्नावली, रुजुसूची, समूह छलफल आदिबाट प्राप्त विवरणहरुलाई तालिकाबद्ध गरी प्रस्तुति गरिएको छ भने अध्ययन बिश्लेषणबाट आएका निष्कर्षका आधारमा रणनीतिहरूको पहिचान र रणनीतिका आधारमा कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ।

# परिच्छेदः दुई

# हिमालको फोहोर ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण

## २.१ नीतिगत र कानुनी ब्यवस्था

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक अधिकार अन्तर्गत समेटेको छ । संविधानले वातावरण प्रदुषणका कारण कसैको स्वास्थ्यमा असर पारेको प्रमाणीत भए प्रदुषकबाट प्रदुषण पिडितलाई क्षतिपुर्ति दिलाउन कानुनी व्यवस्था मिलाउनु पर्ने गरी नियामक निकायलाई जिम्मेवारी दिएको छ । पन्ध्रौं पञ्चवर्षिय योजनादेखि नै दिगो विकास लक्ष्यको कार्यान्वयन गरी नागरिकहरुको दिगो जीवनयापनका माध्यमहरु सुनिश्चित गर्ने अवधारणा कार्यान्वयन हुँदै आईरहेको छ । हाल कार्यान्वयनमा रहेको सोह्रौं पञ्चवर्षिय योजनाले पनि फोहोर व्यवस्थापन, न्यूनिकरण र वातावरण बचाउका लागि उच्च प्राथमिकता सहित विशेष कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गरेको छ तर हिमाली क्षेत्रमा फोहोर बढ्दै जाँदा त्यहाँबाट बग्ने हजारौं नदी, सिमसार, हिमनदी जस्ता स्वच्छ जलभण्डारहरु दुषित हुँदै गएको अवस्था छ । यसबाट हिमाली क्षेत्रको वातावरण तथा पर्यावरणमा नकारात्मक असर त परेको छ नै त्यहाँबाट बगेर आउने पानीमा आश्रित सबै जलचर, स्थलचर र मानव समूदाय समेत जोखिममा पर्ने अवस्थामा छ । संविधानको अनुसूची ८ र ९ ले सङ्घ, प्रदेश र स्थानीय तहहरुलाई दिएका एकल तथा साझा अधिकारको सूची, स्थानीय सरकार सञ्चालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, वन ऐन २०७६, फोहोरमैला व्यवस्थापन ऐन २०६८, तथा फोहोरमैला व्यवस्थापन नियमावली २०७०, पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका २०७०, प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना २०७८ र वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७८ जस्ता नीति तथा कानूनले हिमालको फोहोर व्यवस्थापनका लागि कानूनी प्रबन्ध गरेका छन्।

नेपाल सरकारको फोहोर व्यवस्थापन ऐन २०६८ को परिच्छेद २ को दफा ३ ले फोहोरमैला सङ्कलन, न्यूनिकरण तथा निष्कासन सम्बन्धी व्यवस्था गरेको छ । यसमा स्थानान्तरण केन्द्र, ल्यान्डफिल्ड साईट, कम्पोष्ट प्लान्ट, बायो ग्याँस प्लान्ट लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्नु पर्ने व्यवस्था गरेको छ । हिमाली क्षेत्रको हकमा परम्परागत बसोबास हुँदै आएका वस्तीहरु र आसपासको क्षेत्र, कुनै स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने गरी स्थानीय तह क्षेत्र निर्धारण आयोग २०७३ ले समायोजन गरेको छ । यसकारण हिमाली क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने कार्यका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले व्यवस्था गरेका नीति, रणनीति, ऐन, कार्यबिधि, कार्यक्रम आदि हिमाली क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने उद्देश्यले कार्यान्वयनमा आएका छन् ।

## २.२ हिमालको फोहोर ब्यवस्थापनबारे भएका विगतका प्रयासहरु

सन् १९५३ बाट शुरु भएको हिमाल आरोहणका कारण बढ्दै गएको फोहोरमैलाले हिमशृङ्खलाहरुको प्राकृतिक सुन्दरतामा ह्रास आउन थालेको छ । आरोहीले लगाउने पोसाक, जुत्ता, अक्सिजन, प्लास्टिक, डिस्पोजेवल मेडिकल, खपत गरिएको क्यानको डिब्बा आल्युमिनियम भर्याङ, प्रयोग गरिएका डोरी तथा दिवङ्गत आरोहीका शवहरु हिमालमा थुप्रिदै गएका छन् । हिमालको फोहोर ब्यवस्थापन गर्ने कार्यमा नेपाल सरकार पर्यटन मन्त्रालय, पर्यटन बोर्ड, नेपाली सेना, स्थानीय सरकार, पर्वतारोहण सङ्घ, विदेशी सङ्घ संस्थालगायतका निकाय/संयन्त्रहरुबाट उच्च प्राथमिकता सहित कार्य भइरहे पनि स्थायी समाधान हुन बाँकि नै छ । सगरमाथाको फोहोर तथा मृत मानव शरीर सङ्कलन र ब्यवस्थापनका लागि हालसम्मका भएका प्रयासहरु यसप्रकार छन्।

- केन नेगुची (जापानिज आरोही) को अगुवाइमा सन् २००० बाट शुरु भएको सफाई अभियानले सन् २००७ सम्ममा ९० क्विन्टल फोहोर सगरमाथा क्षेत्रबाट सङ्कलन गरेको थियो (द गार्डियन, मे सन् २००७)। यो अभियान पाँच पटक चलाइएको थियो ।
- सन् २००८ मा एसियन ट्रेकिङले आरोहणसँगै 'इको एभरेस्ट एक्सपिडिसन-अभियान सुरु गरेको थियो। यसको उद्देश्य आरोहण दलले आरोहण गरी फर्कदा फोहोर लिएर आउनु थियो। एसियन ट्रेकिङका अध्यक्ष आङछिरिङ शेर्पाका अनुसार यो अभियानले ११ बर्षमा २० हजार किलोग्राम फोहोर ब्यवस्थापन गरेको थियो ।
- सन् २०१० मा ३१ जना सगरमाथा आरोहीको समूहले सगरमाथाको आठ हजार मिटरभन्दा माथिका क्षेत्रमा सफाइ अभियान सञ्चालन गरेको थियो । 'एक्सट्रिम एभरेस्ट एक्सपिडिसन २०१० नाम दिइएको अभियानले आठ हजार मिटर माथिबाट १८०० किलोग्राम फोहोर र दुईवटा मानव शव सङ्कलन गरेको थियो ।
- पर्यटन विभागले सन् २०११ को वसन्त ऋतुदेखि सगरमाथा आरोहणबाट फर्किने स्वदेशी तथा विदेशीहरूले ८ किलोग्राम फोहोर ल्याउनुपर्ने नियम बनाई कार्यान्वयन गरिरहेको छ र यसले फोहोर ब्यवस्थापनमा राम्रो नतिजा दिएको पाईन्छ ।
- सन् २०११ मा सगरमाथा आरोही सङ्घको नेतृत्व र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा क्याम्प २ सम्म सगरमाथा सफाइ अभियान सञ्चालन गरिएको थियो । अभियानले आधार शिविरदेखि आठ हजार सात सय मिटरसम्मको उचाइबाट ८.१ मे. ट. फोहोर सङ्कलन गरिएको थियो ।
- सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), का कर्मचारी निशान श्रेष्ठका अनुसार सन् २०१९ को वसन्त ऋतुमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चे, नेपाली सेना, नेपाल पर्वतारोहण सङ्घ, खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा प्रदूषण नियन्त्रण समितिलगायत स्थानीय सङ्घ संस्था र समुदायको संयुक्त प्रयासमा सगरमाथाको सरसफाइ अभियान सञ्चालन

भएको थियो । उक्त अभियानले ५६९४ के. जि. फोहोर आधार शिविरबाट र ४६९२ के.जि. दोस्रो क्याम्पबाट सङ्कलन गरेको थियो ।

- सन् २०१९ को बसन्त ऋतुमा सगरमाथा आधार शिविर र माथिल्लो क्षेत्रबाट ३००० के. जी. फोहोर नेपाली सेनाको हेलिकप्टरबाट सङ्कलन गरी ल्याईएको जानकारी नेपाली सेनाका सहायक रथी बिज्ञानदिप पाण्डे ले बि. बि. सि. नेपाली सेवालाई जानकारी दिएका थिए (बि. बि. सि. नेपाली सेवा, २०२०) ।
- स्वच्छ पर्वतीय पर्यटन सुधार सुझाव समिति, २०७६ ले सगरमाथा क्षेत्रको फोहोर व्यवस्थापनका लागि प्रश्ताव गरेका प्रावधानहरुलाई कार्यान्वयन गर्दै आएको छ । खुम्बु पासाङ्गल्हामु गाउँपालिका सोलुखुम्बुले सगरमाथा आधार शिविर व्यवस्थापन कार्यबिधि २०८० जारी गरी सगरमाथा क्षेत्रको फोहोर व्यवस्थापन सम्बन्धमा विशेष मापदण्ड तोकी कार्यान्वयनमा ल्याएको छ ।
- सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), ले वि. सं. २०८१ को वसन्त ऋतुमा ल्होत्से, नुप्चेसहित सगरमाथा क्षेत्रबाट सामान्य फोहोर २७९९० के. जी., धातुजन्य ७५१८ के. जी., मानव मलमुत्र २७५३३ के. जी., भान्साबाट उत्पन्न भएको फोहोर १४१५० के. जी. गरी जम्मा ७७१९१ के. जी. फोहोर व्यवस्थापन गरेको छ ।
- पर्यटन मन्त्रालय तथा पर्यटन विभागको सहकार्यमा सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) ले सगरमाथाको आधार शिविरभन्दा माथिबाट प्रति आरोही ८ के. जी. फोहोर अनिवार्य फिर्ता ल्याउनु पर्ने प्रावधानलाई पूर्ण कार्यान्वयनमा ल्याएको छ र यो कार्य सन् २०१६ देखि निरन्तर हुँदै आएको छ ।
- वि. सं. २०८१ को वसन्त ऋतुमा नेपाली सेनाको टोलीले ११००० के. जी. फोहोर र ५ वटा मृत मानव शरिर सङ्कलन गरी व्यवस्थापन गरेको थियो ।
- सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), खुम्बु पासाङ्गल्हामु गाउँपालिका, स्थानीय शेर्पा समुदाय, होटल व्यवसायीहरुको सामुहिक प्रयासबाट खुम्बु क्षेत्रको फोहोर व्यवस्थापनमा उल्लेख्य सहयोग हुँदै आएको छ र यसमा नेपाल सरकार, पर्यटन मन्त्रालय, पर्यटन विभाग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले सहयोग पुर्याउँदै आएका छन् ।
- **"सगरमाथा सरसफाई अभियान २०१९" खुम्बु पासाङल्हामु** गाउँपालिकाको अगुवाई तथा सगमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) को सहकार्यमा सञ्चालन भएको थियो । उक्त अभियानको दौरान नेपाली सेनाले संयुक्त रुपमा सगरमाथा र ल्होत्से हिमाल सफाई गरेको थियो भने सो अभियानमा २८०० के. जी. कुहिने, ८००० के. जी. नकुहिने गरी जम्मा १०८०० के. जी. फोहोर र ४ मानव शव सङ्कलन गरिएको थियो ।
- नेपाली सेनाले सगरमाथा सरसफाई अभियान २०१९ देखि हालसम्म सञ्चालित **"सफा हिमाल अभियान"** को दौरान २१,८७५ के. जी. कुहिने, ९७,१८१ के. जी. नकुहिने गरी जम्मा १,१९,०५६ के.जी. फोहोर तथा १२ मानव शव र ४ मानव अस्थिपञ्जर समेत सङ्कलन गरेको छ ।

## २.३.वर्तमान अवस्था

खुम्बु क्षेत्रको फोहोरमैला व्यवस्थापनमा सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC-Sagarmatha Pollution Control Committee), नामक संस्था कार्यरत छ । उक्त संस्थालाई फोहोर व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले जिम्मेवारी समेत दिएको छ । हाल सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), र खुम्बु पासाङल्हामु गाउँपालिकाको सहकार्यमा सन् २०२४ देखि आधार शिविर भन्दामाथि आरोहीहरुको मलमुत्र व्यवस्थापन गर्न पुप ब्याग (Poop Bag) अनिवार्य गरिएको छ । फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित पर्वतारोहण सञ्चालकहरु लाई Polluters Pay Theory का आधारमा फोहोरमैलाको वर्गिकरण गरी व्यवस्थापन शुल्क तिर्नुपर्ने प्रावधान राखिएको छ । अन्य हिमालको सन्दर्भमा सम्बन्धित स्थानीय तहहरुले Garbage clearance letter दिने गरेको छ । अन्नपुर्ण हिमालको सवालमा अन्नपूर्ण संरक्षण क्षेत्रबाट उक्त पत्र दिने गरेको पाईन्छ ।

आरोहणको क्रममा लगिएका सामग्रीहरुको चेकलिष्ट बनाउने र फिर्ता ल्याए-नल्याएको भनी यकिन गर्नु पर्छ । आरोहि समुहलाई चेतनामुलक कार्यक्रम चलाउनु पर्छ । फोहोरमैलाको कारण हुने वातावरणीय असरबारे जानकारी दिनु तथा बेसक्याम्प भन्दा माथी प्लाष्टिकजन्य सामग्रीहरु लैजानु परेमा फिर्ता ल्याउने शर्तशहित मात्र दिनु पर्छ ।

ईसिमोडको एक अध्ययनले हालकै अनुपातमा तापक्रम बृद्धि भए यहि शताव्दीमा ३६ प्रतिशत र कार्वन उत्सर्जन यही अवस्थामा रहे ६४ प्रतिशत हिउँ पग्लने निष्कर्ष निकालेको छ । यो तथ्यलाई हिमाली क्षेत्रमा हिउँ पग्लने हालको दरले पनि पुष्टी गरेका छन् । सगरमाथाको २१ पटक सफल आरोहण गरेका किर्तिमानी आरोही आप्पा शेर्पाको अनुभवमा सगरमाथा क्षेत्रका हिमताल तथा हिमनदीहरुको आकार बढेको अनुभव छ र सगरमाथाको क्याम्प २,३ र ४ मा पुराना फोहोरहरु सतहमा देखिन थालेका छन् । सन् २०१० को सगरमाथा सरसफाई अभियानका सदस्य तथा आरोही पासाङ्ग शेर्पा साउथपोल माथिको भाग, क्याम्प २ आसपासमा बढी फोहोर रहेको अनुमान गरेका छन् । अर्का आरोही पेम्बा दार्जे साउथपोल हिलारी स्टेप्ससम्म मृत मानव शरिरहरु छरिएको बताउँछन् ।

सगरमाथा आरोही एलेन आरनेटले सन् १९२३ देखि १९९९ सम्म १७० वटा र सन २००० देखि २०१९ सम्म ११४ वटा गरी जम्मा ३०४ जनाले सगरमाथा क्षेत्रमा ज्यान गुमाएको उल्लेख गरेका छन् भने बेलायतको एभरेष्ट रिकभरी नामक संस्थाले सगरमाथाको आधार शिविरभन्दा माथि २०० भन्दा बढी शव छरिएर रहेको दावी गरेको छ । यसले स्वच्छ हिमाल कायम राख्न अझ धेरै लगानी, प्रविधि र मानव साधन परिचालन गर्नुपर्ने अवस्था देखाउँछ ।

## २.४ सगरमाथा लगायत हिमालको फोहोर व्यवस्थापन सम्बन्धमा मुख्य सरोकारवालाहरुको दृष्टिकोण

यो अध्ययनका क्रममा फोहोररहित स्वच्छ हिमाल कायम राख्न प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुको व्यक्तिगत र संस्थागत दृष्टिकोणका वारे छलफल तथा अन्तरकृया गरिएको थियो। सबै सरोकारवालाहरुले हिमाल स्वच्छ र स्वस्थ्य रहनुपर्ने र यसकार्यमा आफ्नो सक्रिय सहभागिता रहने धारणा राखेका छन्। धारणा राख्ने सरोकारवालाहरुका विचार, अनुभव, सहभागिता आदि बारेका विवरणहरुको मुख्य तात्पर्य समान छ, त्यो हो स्वच्छ हिमाल। तर कसरी सफा राख्ने, जिम्मेवारी कसले लिने, लगानी कसको हुने, भन्ने सवालमा मत बाझिएका छन् । समूह छलफलबाट प्राप्त भएका सुझाव तथा बिचारहरु निम्न बुँदामा समेटिएको छ र सहभागीहरुको सुची यही दस्तावेजको अनुसूची १ मा राखिएको छ ।

- सगरमाथा लगायतका हिम चुचुराहरुमा दुखद घटना भई ज्यान गुमाउने आरोही वा दलका सदस्यहरुको शव उद्धार गर्ने प्रयोजनका लागि खटिने उद्धारकर्ताहरुको (स्वदेशी र विदेशीहरु दुबै) आरोहण शुल्क मिनाहा गर्ने हो भने उद्धार हुन बाँकी शव सहजै उद्धार गर्न सकिने निष्कर्ष र सुझाव सम्बन्धित सरोकारवालाहरुले दिएका छन् ।
- नेपाल पर्वतारोहण सङ्घ, आरोहण, सहजिकरण सङ्घ, ट्रेकिङ्ग एजेन्सीज एसोसिएशनतथा आरोहण सम्बन्धी सङ्घ-संस्था लगायतले फोहोर व्यवस्थापन र सुरक्षित आरोहणका सवालमा अधिकार सम्पन्न, सर्वपक्षिय, टाक्सफोर्स तयार गर्ने र टाक्सफोर्सबाट नियमित अनुगमन गराउने सुझाव दिएका छन् ।
- फोहोर व्यवस्थापनको विषय वास्तविक समस्या समाधानभन्दा यसको श्रेय लिने चिन्तनबाट प्रेरित भएको निष्कर्ष यो अध्ययनका सहभागीहरुले निकालेका छन् ।जस्तो कि पहिचानकै लागि सगरमाथा क्षेत्र जाने, सकेजति फोहोर सङ्कलन गर्ने र विद्युतीय माध्यमबाट सूचना फैलाउने तर समस्या समाधानको गहिराईसम्म नपुग्ने ।
- पदयात्राको उद्देश्य राखेर खुम्बु क्षेत्र घुम्न जाने कतिपय पर्यटकहरु बिना गाईड, बिना अनुमति जाने गरेको धारणा फाप्लु, सुर्के, चौरीखर्क, लुक्ला, नाम्चे क्षेत्रका होटल व्यवसायीहरुले राखेका छन् । यसरी अनाधिकृत रुपमा घुम्न जाने पर्यटकहरुका विवरण राखिँदैन र कति समय यहाँ बस्छन् भन्नेपनि थाहा हुँदैन भन्ने तर्क स्थानीयबासीको रहेको छ ।
- पदयात्री वा हिमाल आरोहीको अनुगमन र विवरण सङ्कलन गर्ने जिम्मेवारी र तत्परता खुम्बु पासाङ्गल्हामु गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज, सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) ले लिने गरेको र कतिपय अनधिकृत रुपमा घुम्न जाने पर्यटकहरु यी निकायको सम्पर्क मै नजाने गरेको स्थानीयहरुको धारणा छ ।
- खुम्बु क्षेत्र र आधार शिविर आसपाससम्मको पर्यटन गतिबिधि नियमन र व्यवस्थापन गर्न खुम्बु पासाङ्गल्हामु गाउँपालिकाले “आधार शिविर व्यवस्थापन कार्यबिधि २०८०” जारी गरेको छ । कार्यबिधिको दायराभित्र रही सगरमाथा राष्ट्रिय निकुञ्ज सुरक्षा दल, यसमा सगरमाथा प्रदुषण

नियन्त्रण समिति (SPCC) र खुम्बु पासाङ्गल्हामु गाउँपालिकाको संयुक्त सम्यन्त्रले आपतकालिन स्वास्थ्य, फोहोरमैला व्यवस्थापन र बन्दोवस्तीका कार्यहरु गर्दै आएको छ ।

- खुम्बु पासाङ्गल्हामु गाउँपालिकाको नेतृत्वमा हाल हुदै आएको पर्यटन गतिबिधिको नियन्त्रण, व्यवस्थापन र नियमन सम्यन्त्रमा स्थानीय सङ्घ संस्था, होटल व्यवसायी तथा शेर्पा समुदायको पूर्ण समर्थन, सहयोग र संलग्नता छ भन्ने अवधारणा स्थानीय जानकारहरुले राखेका छन् ।
- खुम्बु पासाङ्गल्हामु गाउँपालिका-गाउँ कार्यपालिकासँग भएको छलफलले सगरमाथा क्षेत्रको फोहोरमैला व्यवस्थापन, प्राथमिक उपचार, पर्यटन गतिबिधिको नियन्त्रण लगायतका कार्य गर्न सक्ने र यसलाई स्थानीय समुदायबाट पूर्ण सहयोग हुने निष्कर्ष निकालेको छ साथै यसले अनाधिकृत रुपमा घुम्न जाने पर्यटकहरुको पहिचान, अबैध क्रियाकलापको नियन्त्रण र आन्तरिक सुरक्षामा थप सहयोग पुग्ने बुझाई खुम्बु पासाङ्गल्हामु गाउँपालिकाको छ ।
- सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) लुक्लामा कार्यरत कर्मचारी, पदाधिकारी र खुम्बु पासाङ्गल्हामु गाउँपालिका वडा नं. ४ र ५ का वडा सम्यन्त्रसँग भएको छलफलले सगरमाथा आरोहण दलका सरदार, गाईड र अन्य सहयोगीहरुलाई आधार शिविर भन्दामाथी उत्सर्जन भएको फोहोर सङ्कलन गरी ल्याउने कार्यको प्रयोग गर्न सकिने र आरोहण दलका सदस्यले स्वेच्छाले सङ्कलन गरेर ल्याएको फोहोरको तौल अनुसारको मुल्य आधार शिविर मै दिने हो भने एकै सिजनमा सगरमाथा फोहोर धेरै हदसम्म कम हुने निष्कर्ष निकालेका छन् ।
- आधार शिविर माथिको फोहोर सङ्कलन गर्ने जिम्मेवारी हिमाल आरोहण दलमा सामेल हुँदै आएको दक्ष मानवस्रोतलाई दिनु राम्रो हुने र आरोहण सहजिकरणका लागि जाने सहजकर्ताहरुको समूहबाटै नियमित फोहोर तल झार्ने परिपाटी बसाउन सके फोहोरको समस्या स्थाई समाधान हुने सुझाव अध्ययनका सहभागीहरुले दिएका छन् ।
- फोहोर सङ्कलन गर्ने आधार शिविर, नाम्चे वा लुक्लासम्मको ढुवानीको जिम्मेवारी लिने संस्था वा समूहलाई सङ्घ, प्रदेश र स्थानीय तहले कानुनी पहिचान दिने र त्रुटी भए कानुनी उपचार खोज्ने परिपाटी बसाउनुपर्ने छलफलका सहभागीले बताएका छन् ।

माथिको दृष्टिकोण बिश्लेषण गर्दा हिमाली क्षेत्रको फोहोर व्यवस्थापनलाई स्वेच्छाले गरिने, वातावरण अभियान्ताहरुको प्रदुषण प्रतिकार्यको रुपमा गरिने वा संस्थागत गरिमा उच्च राख्न जिम्मेवार उपस्थिति दर्शाउने खालको नभई कानुनी रुपमा बिधि सम्मत वातावरणीय दृष्टिले पूर्ण तथा स्वच्छ र उपलब्धीका दृष्टिले शत प्रतिशत हुने गरिको अधिकार सम्पन्न र सक्षम सम्यन्त्रबाट गर्नु/गराउनु उपयुक्त हुने देखिन्छ।

# परिच्छेद तीनःहिमाल सफा राख्ने सम्बन्धि रणनीति (२०८२-२०८६)

## ३.१ सन्दर्भ

आरोहण अनुमति पाएका हिमाली चुचुराहरुमा आरोहीहरुबाट उत्सर्जन भएको फोहोरमैलाको परिमाण बढ्दै गएको छ । यसले स्थानीय वातावरण, प्राकृतिक सुन्दरता, वातावरणीय स्वच्छता र नेपालका प्राकृतिक धरोहरको रुपमा चिनिने उच्च हिमालय क्षेत्रको प्राकृतिक सौन्दर्यतमा असर परेको छ । नेपालको संविधान, वर्तमान ऐन कानुनहरुले हिमाललाई प्रदुषण रहित स्वच्छ राख्नुपर्ने नीतिगत प्रावधान लागि नेपाल सरकार सम्बन्धित मन्त्रालय, विभाग, स्थानीय तह, सुरक्षा निकाय, हिमाल आरोहण कार्यमा संलग्न ईकाई वा संस्थाको एकिकृत र समायोजित सहकार्य र हुनु पर्ने आवश्यकता रहेको छ।

एउटा आरोहीले सुरक्षित आरोहण सम्पन्न गरी फिर्ता आउँदासम्मका फरक-फरक चरणहरुमा फरक-फरक निकाय, विभाग, संस्था, ईकाइ वा व्यक्तिहरुसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ तर कार्यान्वयनको सवालमा त्रुटि, कमजोरी र बेवास्ता हुने गरेको पाईन्छ । यसले हिमालको सुन्दरता, स्वच्छता र वातावरण सन्तुलन कायम राख्न चुनौती थपिरहेको छ । तसर्थ हिमाल आरोहीहरुबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थित गर्न हिमाली क्षेत्रको वातावरणीय जोखिम न्यूनिकरण गर्न, हिमाल आरोहणको प्रक्रियालाई कार्यान्वयन गर्न जिम्मेवार सबै सरोकारवालाहरु समेटेर एकिकृत र समायोजित फोहोरमैला व्यवस्थापन रणनीति तयार गरी स्वच्छ हिमाल र सुरक्षित आरोहण अभियानलाई व्यवस्थित बनाउन आवश्यक भएकाले यो रणनीति तर्जुमा गरिएको हो ।

## ३.२ समस्या तथा चुनौति

सरकारले तोकेको मापदण्ड भित्र रहेर हिमाल आरोहण गर्न, विश्वका जो कसैले अनुमति पाउन सक्छन्। अनुमति प्राप्त आरोहीहरुका लागि आरोहण गर्ने क्षमता, सीप र सम्भावित जोखिमबाट बच्ने उपायहरु बारेको ज्ञान सिमित हुने भएकाले आरोहीहरुले सहयोगी राख्नु बाध्यता बन्छ । आरोहणको क्रममा पालना गर्नुपर्ने वातावरणीय मापदण्ड, फोहोर तथा मलमुत्रको व्यवस्थापन, खाद्य तथा उपयोगका सामग्रीहरु बोक्न प्रयोग हुने झोला, खोल आदि कहाँ बिसर्जन गर्ने, बिसर्जन गर्दा कस्तो बिधि अपनाउने र सही व्यवस्थापन नगरेका कारण हुनसक्ने वातावरणीय क्षती आँकलन गर्न सबै आरोही सक्षम हुँदैनन्। यही कारण पर्वतारोही आफैं फोहोर व्यवस्थापन बारेमा जति सम्बेदनशील हुनु पर्ने हो त्यती नहुन पनि सक्छन् ।

सुरुवाती चरणमा हिमाल आरोहीहरु फोहोर व्यवस्थापनमा कम ध्यान दिने गर्दथे । यसो गर्दा आरोही र उनीहरुका सहयोगीले लगेका विविध वस्तुहरुका अवशेषहरु फोहोरको रुपमा फयाकिन्थे र यसबाट हुने वातावरणीय क्षतीबारे कम ध्यान दिईन्थ्यो । आरोहीहरुले आरोहणका क्रममा प्रयोग गरिसकेका

सामग्रीहरु पदमार्गको दायाँबाँया यत्रतत्र रुपमा छाडेका, चिसोको कारण सो फोहोर बर्षौंसम्म पनि उस्तै अवस्थामा रहे ।पछिल्ला वर्षहरुमा सगरमाथा लगायत आरोहण अनुमति प्राप्त हिमाल चढ्ने पदमार्ग दायाँवायाँ, आधार शिविर, आवास क्याम्प वरपर प्रयोग गरी छाडिएका वस्तुहरु थपिँदै गए । यसले हिमाली क्षेत्रमा फोहोर फ्याक्नु हुँदैन भन्ने भन्दापनि फोहोर फ्याँके केही हुँदैन भन्ने सन्देश दियो । अहिले आरोहणको क्रममा यत्रतत्र फोहोर टेक्दै र देख्दै हिमाल चढ्ने आरोहीहरु फोहोर फ्याँक्न निषेध छ वा फोहोर नफ्याँकौं भन्ने उद्धरणले दिएको संदेशलाई अनुसरण गर्दै गर्दा पहिले नै फ्याकिएको फोहोरले के पाठ सिकाउँछ भन्ने अन्यौल पनि हुन सक्छ ।

आरोहण अनुमति दिने, आरोहण कार्यलाई सहजीकरण गर्ने, आरोहण बारेका आचार संहिता कार्यान्वयन गराउने, आरोहण मापदण्ड पालना भए/नभएको निरिक्षण गर्ने ईकाईहरु फरक-फरक छन् । यसमा नेपाल सरकार, पर्यटन मन्त्रालय र पर्यटन बोर्ड, आरोहण सहजीकरण दल, नेपाली सेना, होटल व्यवसायी, स्थानीय सरकार, फोहोर तथा वातावरणको क्षेत्रमा काम गर्दै आएका सङ्घ संस्थाहरु लगायतको मिश्रित जिम्मेवारी छ । निजी, सामुदायीक र सार्वजनिक सम्यन्त्रको संयुक्त संलग्नतामा गतिशिल भएको हिमाल आरोहणलाई स्वच्छ, सुरक्षित र पर्यावरणमैत्री बनाउन कसको भूमिका के हुने र त्यसबाट कसलाई कति लाभ प्राप्त हुने भन्ने सवालको वस्तुपरक जवाफ दिने तटस्थ र जिम्मेवार सम्यन्त्र अभाव भएकाले दिगो र प्रभावकारी हिमाल आरोहण सुनिश्चित गर्न चुनौति छ ।

## ३.३ रणनीतिको आवश्यकता

सुरुवाती चरणमा सगरमाथा खुम्बु क्षेत्र लगायत आरोहण खुल्ला गरिएका हिमालहरुको फोहोर व्यवस्थापन प्रभावकारी नभएकाले ठोस फोहोरको उचित व्यवस्थापन हुन सकेन । आरोहीको सङ्ख्या बढ्दै जाँदा फोहोरको परिमाण पनि बढ्यो तर यसको व्यवस्थापनका लागि सक्षम र साधन स्रोत सम्पन्न सम्यन्त्र बन्न सकेन् । आरोहणका साझेदार र सरोकारवाला निकायहरुको बीचमा फोहोर व्यवस्थापन बारेको निर्दिष्ट जिम्मेवारी लिने निकायको पहिचान र जिम्मेवारी तोक्ने नीतिगत र कानुनी आधार पनि बन्न सकेन । सङ्घीयता कार्यान्वयन भए पश्चात स्थानीय तहहरु, स्रोत संरक्षण र वातावरण व्यवस्थापन गर्ने कार्यका लागि जिम्मेवार भए पनि हिमाली क्षेत्रको फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोत-साधनहरु, यन्त्र उपकरणहरु र फोहोर व्यवस्थापनका लागि दक्ष मानव साधन स्थानीय तहसँग भएन।

यसबाट स्थानीय तहले फोहोरमैला व्यवस्थापन बारेको कानुनी अधिकार र जिम्मेवारी पाएपनि स्रोत-साधन र दक्ष जनशक्ति अभावमा अपेक्षाकृत प्रतिफल प्राप्त हुन सकेन । नेपाली सेना, ससस्त्र प्रहरी बल, आरोहण व्यवस्थापन र सञ्चालन गर्ने समूहहरुले गर्ने क्रियाकलापहरु व्यवस्थित गर्ने नीति, रणनीति, ऐन, कार्यबिधि वा मापदण्ड स्पष्ट नभएकाले हिमाल आरोहीहरुबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनमा समस्या भएको महशुष गरियो । तसर्थ पर्वतारोहण र पर्वतीय क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वस्तुपरक रणनीतिक योजना आवश्यक भएकाले यो रणनीतिक योजनाको दश्तावेज तयार पारिएको छ ।

## ३.४ दीर्घकालिन सोच

सफा हिमाल, स्वच्छ वातावरण ।

## ३.५ लक्ष्य

फोहोरमैलाको दिगो व्यवस्थापनद्धारा सफा हिमाल, स्वच्छ वातावरण सुनिश्चित गर्ने ।

## ३.६ उद्देश्य

१. हिमाल आरोहण र यससँग सम्बन्धित कार्यबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन कार्यलाई मार्गदर्शन गर्नु ।
२. फोहोरमैलाबाट हुने वातावरणीय प्रदुषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनिकरण गर्नु ।
३. फोहोरमैला व्यवस्थापनमा बहुसरोकारवाला ढाँचा विकास गरी स्थापित गराउनु ।
४. सगरमाथा लगायत आरोहण खुल्ला गरिएका हिमचुचुराहरुको आरोहणका क्रममा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनमा नविनतम प्रविधिको उपयोग गरी हिमाल सफा राख्ने अभियानलाई सफल पार्नु ।

## ३.७ फोहोरमैला व्यवस्थापनका रणनीति

सगरमाथा लगायत आरोहण अनुमति पाएका हिमालहरुको फोहोर व्यवस्थापनको कार्य प्रभावकारी रुपमा सञ्चालन गर्ने देहायका रणनीतिहरु अबलम्बन गरिनेछ ।

१ फोहोरमैला व्यवस्थापन कार्यलाई पर्वतारोहण प्रक्रियाका फरक-फरक चरणहरुमा प्राथमिकता सहित समायोजन गर्दै जाने ।

२ पर्वतारोहण बारेका क्रियाकलाप कार्यान्वयन गर्ने सरकारी, अर्ध सरकारी, गैर्ह सरकारी, सामूदायिक र संस्थागत सरोकारवालाहरुको वीचमा फोहोरमैला ब्यवस्थापनको कार्य बारे समान धारणा तथा जिम्मेवारी बोध अभिबृद्धि गर्ने ।

३ हिमाल आरोही र तीनका सहयोगीहरुबाट उत्सर्जन् हुने सवैखाले फोहोर ब्यवस्थापन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, सूचना प्रविधि र आवश्यक उपकरणहरुको ब्यवस्था गर्ने ।

४ पर्वतीय पर्यटनसँग सम्बन्धीत कार्य गर्ने ।

५ फोहोरमैला व्यवस्थापन गर्ने कार्य प्रभावकारी बनाउन सहयोग पुग्ने आधुनिक प्रविधिको प्रयोग गर्न फोहोरमैला व्यवस्थापनका फरक-फरक चरणहरुमा आवश्यक पर्ने सीप, दक्षता र कार्य कुशलता प्रवर्द्धन गर्न दक्ष जनशक्ति विकासका कार्यक्रम सञ्चालन गर्ने ।

६ हिमाली क्षेत्रको फोहोरमैला व्यवस्थापनका न्यूनतम् मापदण्ड, गुणस्तर र दिगोपना बारेका आधारहरु तयार गरी लागु गराउने ।

७ फोहोर व्यवस्थापनको कार्य नियमित गर्न आवश्यक पर्ने बिधि तथा प्रक्रियाहरु तयार गरी लागु गराउने ।

८ फोहोरमैला उत्सर्जन, सङ्कलन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न दिगो र प्रभावकारी सूचना व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउने ।

९ फोहोरमैला व्यवस्थापनका सबै क्रियाकलापहरु परिणाममुखी बनाउन तटस्थ स्रोत साधन सम्पन्न र जवाफदेही अनुगमन संयन्त्र तयार गर्ने ।

## ३.८ कार्यनीति

### क) रणनीति १ सँग सम्बन्धित

१. फोहोरमैला व्यवस्थापन बारेका जिम्मेवारी बाँडफाँड गर्दा सबै सरोकारवालाहरुको साझा सहमति र साझा दायित्व बोध हुने गरीको संयन्त्र बनाईनेछ ।

२. फोहोर व्यवस्थापन प्रभावकारी र प्रविधिमैत्री बनाउन सबै सरोकारवालाहरुको ऐक्यबद्धता सहितको फोहोरमैला व्यवस्थापन संयन्त्र बनाईनेछ ।

### ख) रणनीति २ सँग सम्बन्धित

१. सबै सरोकारवालाहरुलाई फोहोरमैला व्यवस्थापन प्रक्रियाका चरणहरुमा कार्यगत एकता, परिपुरकता र जिम्मेवारी बोधको धारणा विकास गराईने छ ।

२. फोहोरमैला व्यवस्थापनको जिम्मेवारी लिँदै गर्दा यसका सबै सरोकारवालाहरुको बीचमा जीत-जीतको अवस्था अनुभव हुने वातावरण तयार गरिने छ ।

### ग) रणनीति ३ सँग सम्बन्धित

१. आवश्यक भौतिक पूर्वाधारहरु व्यवस्था गर्दै लगिने छ ।

२. फोहोर व्यवस्थापन गर्ने कार्यमा सूचना प्रविधि र सञ्चारको अधिकतम् उपयोग गरिने छ ।

३. फोहोरमैला व्यवस्थापनलाई स्वस्च्छ, सुरक्षित र दिगो बनाउन आवश्यक पर्ने यन्त्र, उपकरण र स्रोत साधनहरुको व्यवस्था मिलाईने छ ।

### घ) रणनीति ४ सँग सम्बन्धित

१. फोहोरमैला व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न र सबै सरोकारवालाहरुले लिएका फोहोरमैला व्यवस्थापन सम्बन्धीका जिम्मेवारीहरु एक आपसमा परिपुरक हुने गरीको संयन्त्र तयार गरिनेछ।

२. फोहोरमैला व्यवस्थापनका लागि सबै सरोकारवालाहरुको स्पष्ट र निर्दिष्ट जिम्मेवारी सुनिश्चित गरिनेछ ।
३. सरोकारवालाहरुको विचमा फोहोरमैला व्यवस्थापन बारे साझा जिम्मेवारी, साझा दायित्व र साझा लक्ष्यको अवधारणा विकास गराईनेछ ।

### ङ) रणनीति ५ सँग सम्बन्धित

१. दिगो फोहोरमैला ब्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन संयन्त्र मिलाइनेछ।
२. फोहोरमैला ब्यवस्थापनको कार्यलाई छिटो र प्रभावकारी बनाउन यान्त्रिकृत फोहोरमैला ब्यवस्थापन प्रणाली विकास गरिनेछ ।
३. फोहोरमैला ब्यवस्थापन कार्यमा सम्लग्न जनशक्तिलाइ प्रतिस्पर्धी र परिणाममुखि बनाउन योगदानमा आधारित प्रोत्साहन कार्यक्रमको ब्यवस्था मिलाइनेछ ।

### च) रणनीति ६ सँग सम्बन्धित

१। फोहोरमैला ब्यवस्थापनका न्यूनतम मापदण्ड, गुणस्तर र सिमाबारेका सूचकहरु सबै सरोकारवालाहरुको सहभागिता र सहमतिका आधारमा तयार गरी लागु गरिनेछ ।
२। फोहोरमैला ब्यवस्थापन कार्यमा खटिने कर्मचारी तथा कार्यकर्ताहरुका लागि आवधिक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### छ) रणनीति ७ सँग सम्बन्धित

१। फोहोरमैला ब्यवस्थापनलाइ नियमित र प्रभावकारी बनाउन आवस्यक ऐन, कार्यविधि, निर्देशिका आदि तयार गरिनेछ ।
२। फोहोरमैला ब्यवस्थापनका नियामक औजारहरु प्रभावकारी संयन्त्र बनाएर लागु गरिनेछ ।

### ज) रणनीति ८ सँग सम्बन्धित

१। फोहोर मैला व्यवस्थापन प्रणाली विकास गरिनेछ।
२। फोहोरमैला ब्यवस्थापन सूचना प्रणाली कार्यान्वयनका लागि आवश्यक जनशक्ति विकास गरिनेछ।

### झ) रणनीति ९ सँग सम्बन्धित

१। फोहोरमैला ब्यवस्थापनका क्रियाकलापहरु चुस्त, दुरुस्त र परिणाम मुखि बनाउन अधिकार सम्पन्न र तटस्थ संयन्त्र बनाइनेछ ।
२। अनुगमन संयन्त्रलाई सक्षम र स्रोत साधन सम्पन्न बनाइनेछ ।
३। अनुगमन कार्य नियमित र प्रभावकारी बनाउने ब्यवस्था मिलाइनेछ ।

४। सिङ्गो फोहोरमैला ब्यवस्थापन प्रणाली लागु भए पश्चात देखिएका कमिजोरीहरु सुधार्दै जाने र राम्रा सिकाईहरु अझ ब्यवस्थित गर्दै लगिनेछ ।

## ३.९ रणनीतिक योजना कार्यान्वयन निर्देशक समिति

यो रणनीतिक योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह समेतको प्रतिनिधित्व हुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिबको संयोजकत्वमा रणनीति कार्यान्वयन निर्देशक समितिको गठन गरिनेछ । उक्त समितिको काम, कर्तब्य र अधिकार यसप्रकार हुनेछ।

- फोहर व्यवस्थापन सम्बन्धमा नीतिगत मार्गदर्शन दिने।
- फोहर व्यवस्थापन कार्यमा सहकार्य र समन्वय गर्ने/गराउने।
- फोहर व्यवस्थापनका लागि आवश्यक स्रोत परिचालन गर्ने/गराउने।
- फोहर व्यवस्थापनका कार्यक्रम र प्रयासको पुनरावलोकन र मूल्याङ्कन गर्ने
- फोहर व्यवस्थापन कार्यको नियमित अनुगमन गर्ने/गराउने।

# ३.१०   रणनीति कार्यान्वयन कार्य योजना

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| **रणनीति १** | **फोहोरमैला व्यवस्थापन कार्यलाई पर्वतारोहण प्रक्रियाका फरक-फरक चरणहरुमा प्राथमिकता सहित समायोजन गर्दै जाने ।** | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापन बारेका जिम्मेवारी बाँडफाँड गर्दा सबै सरोकारवालाहरुको साझा सहमति र साझा दायित्व बोध हुने गरीको सम्यन्त्र बनाईने छ। | | | | | | | | |
| कार्यनीति | फोहोर व्यवस्थापन प्रभावकारी र प्रविधिमैत्री बनाउन सबै सरोकारवालाहरुको ऐक्यबद्धता सहितको फोहोरमैला व्यवस्थापन संयन्त्र बनाईने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | स्वस्थ, सुरक्षित र पर्यावरणमैत्री हिमाल आरोहरणका मापदण्ड, विधी, प्रक्रिया, न्यूनतम शर्त आदिबारे सरोकारवालाहरु बीच तीन तहको प्रशिक्षणात्मक कार्यशाला (सङ्घ, प्रदेश र स्थानीय तह) सञ्चालन गर्ने। | | | | | | ६०० | | |
| कार्यक्रम/क्रियाकलाप | सुरक्षित र पर्यावरणमैत्री हिमाल आरोहरण बारेका अवधारणा पत्रहरु सफा हिमालसँग सरोकार राख्ने विज्ञ र अनुभविहरुबाट आह्वान । | | | | | | २०० | | |
| कार्यक्रम/क्रियाकलाप | तयार पारिएको कार्यपत्रका आधारमा आवश्यक नीति नियमावली अवधारणा पत्र आदि तयार पार्दै लैजाने । | | | | | | ८०० | | |
| कार्यक्रम/क्रियाकलाप | उत्कृष्ट अवधारणा पत्रको विषयवस्तुलाई आधार मानेर तालिम, प्रचार-प्रसार, प्रविधि प्रयोग बारेका छापा तथा विद्युतिय सूचनाहरु उत्पादन गर्ने र विशेष माध्यम प्रयोग गरेर समुदायसम्म पुर्याउने । | | | | | | १२०० | | |
| कार्यक्रम/क्रियाकलाप | खुम्बु पासाङल्हामु गाउँपालिकाले कार्यान्वयनमा ल्याएको स्वच्छ हिमाल कार्यबिधिको समिक्षा गर्ने र यसका राम्रा पक्षहरुलाई समायोजन गरी फोहोर व्यवस्थापन मापदण्डको साझा दस्तावेज तयार गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापनमा वस्तुपरक जिम्मेवारी कसले (खुम्बु पासाङल्हामु गाउँपालिका, प्रदेश सरकार, सङ्घीय सरकार, सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) वा अन्य कुनै) लिँदा सान्दर्भिक र प्रभावकारी हुन्छ सर्वपक्षिय छलफलबाट टुङ्गो लगाउने । | | | | | | ३०० | | |
| **रणनीतिको १ को जम्मा** | | | | | | | **३६००** | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेतृत्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| **रणनीति २** | **पर्वतारोहण बारेका क्रियाकलाप कार्यान्वयन गर्ने सरकारी, अर्ध सरकारी, गैर्ह सरकारी, सामूदायिक र संस्थागत सरोकारवालाहरुको वीचमा फोहोरमैला ब्यवस्थापनको कार्य बारे समान धारणा तथा जिम्मेवारी बोध अभिबृद्वि गर्ने ।** | | | | | | | | |
| कार्यनीति | सबै सरोकारवालाहरुलाई फोहोरमैला व्यवस्थापन प्रक्रियाका चरणहरुमा कार्यगत एकता, परिपुरकता र जिम्मेवारी बोधको धारणा विकास गराईने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापनको जिम्मेवारी लिँदै गर्दा यसका सबै सरोकारवालाहरुको बीचमा जीत-जीतको अवस्था अनुभव हुने वातावरण तयार गरिने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | सरकारका तहगत निकायहरुको बीचमा हिमाली क्षेत्रको फोहोर व्यवस्थापन सहजीकरण सम्यन्त्र बनाएर जिम्मेवारी तोक्ने । | | | | | | १५० | | |
| कार्यक्रम/क्रियाकलाप | सरकारी सम्यन्त्रको स्थानीय ईकाईको जिम्मेवारी लिने सम्बन्धित हिमचुचुरा समेटिएका स्थानीय सरकारहरुलाई फोहोर व्यवस्थापन बारेको स्पष्ट भूमिका र जिम्मेवारी दिने वातावरण तयार गर्ने। | | | | | | २०० | | |
| कार्यक्रम/क्रियाकलाप | सम्बन्धित स्थानीय तह मातहत रहने गरी फोहोर व्यवस्थापन कार्यदल गठन गर्न नीतिगत सहजीकरण गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | स्थानीय सरकारहरुले सङ्घीय र प्रदेश सरकारले गरेका नीतिगत निर्णयहरु स्थानीय साझेदारहरुको सहयोगमा प्रभावकारी कार्यान्वयन गर्ने। | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | आरोहण समय मौषम प्रतिकुलताका कारणले ज्यादै छोटो हुने भएकाले आरोहण अनुमति दिदा हिमालको अवस्थिति, भौतिक सेवा-सुविधालाई मध्यनजर गर्दै आरोहण अनुमति पत्रको सङ्ख्या तोक्न सकिने। | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | पर्वतारोहण दलले अनुमति प्राप्त गरिसके पश्चात आरोहि दलका सम्पूर्ण सदश्यहरुको अनिवार्य उपस्थितिमा पर्यटन विभागद्वारा सफा हिमाल सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल अभियानलाई थप प्रभावकारी बनाउन स्थानीय पाठ्यक्रममा चेतनामूलम अध्ययन सामग्री समायोजन गर्दै देशै भरीका विद्यालयमा अध्ययन सामग्री समायोजन गर्ने । | | | | | | १२०० | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल कार्यक्रमलाई नेपालीको पहिचानसँग जोडिने गरी राष्ट्रिय नारा तय गर्ने । | | | | | | ८०० | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/क्रियाकलाप | पर्वतारोहण दललाई अनुमती पत्र प्रदान गर्दा हालको फोहोरमैला धरौटी (आरोहण पश्चात फिर्ता हुने) शुल्कलाई वातावरण शुल्क (आरोहण पश्चात फिर्ता नहुने गरी) को प्रावधान बनाउने । | | | | | | २०० | | |
| कार्यक्रम/क्रियाकलाप | स्थानीय तहलाई आरोहण शुल्कको भागिदारी प्रतिशतको हिस्साको निश्चित प्रतिशत रकम हिमाल सफाई अभियानका लागि खर्च गर्नै पर्ने प्रावधान बनाउने । | | | | | | ४०० | | |
| कार्यक्रम/क्रियाकलाप | ६००० मिटर भन्दा माथिका हिमालमा आरोहण गर्ने आरोहि/सररफाई गर्ने कर्मचारी/माउन्टेन रेञ्जरहरुका लागि जीवन बिमा गर्न विमा कम्पनीहरु सँग समन्वय गर्ने | | | | | | १०० | | |
| | **रणनीति २ को जम्मा** | | | | | | **५३५०** | | |
| **रणनीति ३** | **हिमाल आरोही र तीनका सहयोगीहरुबाट उत्सर्जन् हुने सवैखाले फोहोर ब्यवस्थापन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, सूचना प्रविधि र आवश्यक उपकरणहरुको ब्यवस्था गर्ने ।** | | | | | | | | |
| कार्यनीति | आवश्यक भौतिक पूर्वाधारहरु व्यवस्था गर्दै लगिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोर व्यवस्थापन गर्ने कार्यमा सूचना प्रविधि र सञ्चारको अधिकतम् उपयोग गरिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापनलाई स्वस्च्छ, सुरक्षित र दिगो बनाउन आवश्यक पर्ने यन्त्र, उपकरण र स्रोत साधनहरुको व्यवस्था मिलाईने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | हिमालको आधार शिविर वा आधार शिविरको पायक पर्ने स्थानमा फोहोरको वर्गिकरण गरी सङ्कलन केन्द्रको निर्माण गर्ने । | | | | | | ५००० | | |
| कार्यक्रम/क्रियाकलाप | सङ्कलन केन्द्रमा सङ्कलित फोहोरलाई उचित ब्यवस्थापन गर्न नजिकको फोहोरमैला प्रशोधन केन्द्रमा यथासक्य चाँडो लैजाने प्रवन्ध मिलाईने। | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोरमैलाको समयमै ब्यवस्थापन गर्न रोपवेको अध्ययन गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शिविर भन्दा माथिको फोहोरमैला सङ्कलनका लागि ड्रोनको सम्भाव्यता अध्ययन गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | स्थानीय पर्यावरण, भू बनावट, जैविक विविधताको प्राकृतिक अवस्थामा आँच नआउने गरी सडक पूर्वाधार बिस्तार गर्ने । | | | | | | ५००० | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/क्रियाकलाप | मानव शवको अवस्थिति पहिचान गर्ने कार्यका लागि सहज हुने GPS Tracking System को प्रयोग अभ्यास परिक्षण गर्ने । | | | | | | १२०० | | |
| कार्यक्रम/क्रियाकलाप | हिमालमा मानव मुत्रको व्यवस्थापनका लागि मुत्र शुद्धिकरण बोटलको प्रयोग अनिवार्य गर्ने । | | | | | | १००० | | |
| | **रणनीति ३ को जम्मा** | | | | | | **१४२००** | | |
| **रणनीति ४** | **पर्वतीय पर्यटनसँग सम्बन्धीत कार्य गर्ने ।** | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न र सबै सरोकारवालाहरुले लिएका फोहोरमैला व्यवस्थापन सम्बन्धीका जिम्मेवारीहरु एक आपसमा परिपुरक हुने गरीको सम्यन्त्र तयार गरिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापनका लागि सबै सरोकारवालाहरुको स्पष्ट र निर्दिष्ट जिम्मेवारी सुनिश्चित गरिने छ । | | | | | | | | |
| कार्यनीति | सरोकारवालाहरुको विचमा फोहोरमैला व्यवस्थापन बारे साझा जिम्मेवारी, साझा दायित्व र साझा लक्ष्यको अवधारणा विकास गराईने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापनमा स्थानीय सरकारको प्राविधिक क्षमता विकास गराउने । | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापनको दैनिक क्रियाकलाप सञ्चालन, नियमन गर्ने स्थानीय ईकाईहरुको बृत्ति विकास, कार्य मूल्याङ्कन तथा प्रोत्साहनका लागि सङ्घीय सरकारका सम्बन्धित मन्त्रालय तथा विभागको संस्थागत सम्यन्त्र निर्माण गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | साझेदारहरु वीच कामको प्रकृति अनुसार जिम्मेवारी तोक्ने । | | | | | | ४०० | | |
| कार्यक्रम/क्रियाकलाप | हिमाल सफाइ कार्यक्रमहरु लाई एकद्वार नीतिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | आरोहण दलका सदस्यको आरोहणका क्रममा मृत्यु भएमा आरोहण सञ्चालकले शव फिर्ता ल्याउन अगुवाइ गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल कार्यक्रम अन्तरगत साझेदारहरु वीच कम्तिमा वर्षको २ पटक आरोहण सुरु हुन भन्दा कम्तिमा १५ दिन अगावै पर्यटन विभागद्वारा समस्या, चुनौति र यसका समाधान विषयक अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने । | | | | | | १००० | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल अभियान अन्तरगत हिमालको आधार शिविरमा फिल्ड कार्यालयको स्थापना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा नेतृत्व स्थानीय सरकारले गर्ने । | | | | | | १००० | | |
| | **रणनीति ४ को जम्मा** | | | | | | ४४०० | | |
| **रणनीति ५** | **फोहोरमैला व्यवस्थापन गर्ने कार्य प्रभावकारी बनाउन सहयोग पुग्ने आधुनिक प्रविधिको प्रयोग गर्न फोहोरमैला व्यवस्थापनका फरक-फरक चरणहरुमा आवश्यक पर्ने सीप, दक्षता र कार्य कुशलता प्रवर्द्धन गर्न दक्ष जनशक्ति विकासका कार्यक्रम सञ्चालन गर्ने ।** | | | | | | | | |
| कार्यनीति | दिगो फोहोरमैला ब्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन संयन्त्र मिलाइने छ। | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापनको कार्यलाई छिटो र प्रभावकारी बनाउन यान्त्रिकृत फोहोरमैला ब्यवस्थापन प्रणाली विकास गरिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापन कार्यमा सम्लग्न जनशक्तिलाइ प्रतिस्पर्धी र परिणाममुखि बनाउन योगदानमा आधारित प्रोत्साहन कार्यक्रमको ब्यवस्था मिलाइने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | माउण्टेन रेञ्जर (कुनैपनि हिमालको आधार शिविरभन्दा माथिको फोहोरमैला ब्यवस्थापन तथा अनुगमन गर्नका लागि प्रश्ताव गरिएको तालिम प्राप्त पर्वतारोहिहरुको समुह) को समुह गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने । | | | | | | १५०० | | |
| कार्यक्रम/क्रियाकलाप | पर्वतारोहण सम्बन्धि तालिम प्रदान गर्ने सङ्घ संस्थाहरुलाई फोहोरमैला ब्यवस्थापन विज्ञको समेत सहभागितमा तालिम दिन लगाउने ब्यवस्था मिलाउने। | | | | | | १२०० | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल अभियानमा परिणाममुखि नतिजाका आधारमा सम्लग्न जनशक्ति, सङ्घ संस्था तथा अन्य साझेदारहरुलाई सम्मान र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | हिमाल सफाईका क्षेत्रमा उत्कृष्ट कार्य सम्पन्न गर्ने विभिन्न सङ्घसंस्थाहरु लाई तहगत मान्यता प्रदान गर्ने । | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | वार्षिकरुपमा हिमाल सफाइका क्षेत्रमा उत्कृष्ट नतिजा दिने सङ्घ संस्थाहरु लाई सरकारद्वारा अन्तराष्ट्रिय फोरमहरुमा सूचीकृत हुन सहयोग गर्ने । | | | | | | ५०० | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | **रणनीति ५ को जम्मा** | | | | | | ४२०० | | |
| **रणनीति ६** | **हिमाली क्षेत्रको फोहोरमैला व्यवस्थापनका न्यूनतम् मापदण्ड, गुणस्तर र दिगोपना बारेका आधारहरु तयार गरी लागु गराउने ।** | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापनका न्यूनतम मापदण्ड, गुणस्तर र सिमाबारेका सूचकहरु सबै सरोकारवालाहरुको सहभागिता र सहमतिका आधारमा तयार गरी लागु गरिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापन कार्यमा खटिने कर्मचारी तथा कार्यकर्ताहरुका लागि आवधिक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | पर्यटन ऐन २०३५ मा भएको फोहोरमैलाको प्रावधानलाई समय सापेक्षित परिमार्जन गर्ने। | | | | | | ३०० | | |
| कार्यक्रम/क्रियाकलाप | सफा हिमाल अभियानका लागि आरोहण दलका सम्पूर्ण सदस्यहरुको उपस्थितिमा पुरस्कृत हुने र दण्ड हुने विषयको बारेमा सुसुचित गराई उक्त विषयमा लिखित प्रतिवद्वता लिने कार्य गर्ने । | | | | | | २०० | | |
| कार्यक्रम÷क्रियाकलाप | फोहोरमैला ब्यवस्थापन ऐन २०६८ लाई हिमालबाट उत्सर्जन हुने फोहोरमैलाका विषयमा समय सापेक्षित बनाउने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोरमैलाको ब्यवस्थापनमा खटिने कर्मचारीहरु लाई आधार शिविरमै सचेतनामूलक तालिम कार्यक्रम प्रत्येक आरोहण मौषममा सञ्चालन गर्ने । | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोरमैला ब्यव्थापनमा खटिने कर्मचारीहरुलाई तहगत रुपमा दक्ष, अर्धदक्ष र सामान्य प्रकारका तालिम कार्यक्रम वर्षको २ पटक उपयुक्त स्थानमा सञ्चालन गर्ने । | | | | | | ५०० | | |
| | **रणनीति ६ को जम्मा** | | | | | | २५०० | | |
| **रणनीति ७** | **फोहोर व्यवस्थापनको कार्य नियमित गर्न आवश्यक पर्ने बिधि तथा प्रक्रियाहरु तयार गरी लागु गराउने ।** | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापनलाइ नियमित र प्रभावकारी बनाउन आवस्यक ऐन, कार्यविधि, निर्देशिका आदि तयार गरिने छ । | | | | | | | | |
| कार्यनीति | फोहोरमैला ब्यवस्थापनका नियामक औजारहरु प्रभावकारी संयन्त्र बनाएर लागु गरिने छ । | | | | | | | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोरमैला सङ्कलन, ढुवानी र व्यवस्थापन कार्य नियमित गर्न वार्षिक कार्य योजना निर्माण गर्ने। | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | कर्मचारी, कामदार र ढुवानीका साधनहरुको परिचालन सम्यन्त्र वा ईकाई स्थापना गर्ने । | | | | | | १८०० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापन कार्य सञ्चालनका लागि आवश्यक कोठा, यन्त्र उपकरण र स्रोत साधनको नियमित आपुर्ति गर्ने । | | | | | | २५०० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापन कार्यमा खटिने कर्मचारी, कामदारहरुको बिमा कोष स्थापना गर्ने । | | | | | | ५००० | | |
| कार्यक्रम/क्रियाकलाप | स्वैच्छिक फोहोर सङ्कलकहरु बाट सङ्कलन भएको फोहोरको मुल्य निर्धारण मापदण्ड, भुक्तानी प्रक्रिया, भुक्तानी कोष स्थापना र सञ्चालन गर्ने । | | | | | | २५०० | | |
| | **रणनीति ७ को जम्मा** | | | | | | **१२३००** | | |
| **रणनीति ८** | **फोहोरमैला उत्सर्जन, सङ्कलन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न दिगो र प्रभावकारी सूचना व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउने ।** | | | | | | | | |
| कार्यनीति | फोहोर मैला सूचनाप्रणाली विकास गरी कार्यान्वयनमा ल्याईनेछ। | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापन सूचना प्रणाली कार्यान्बयन गर्ने आवश्यक जनशक्ति विकास गरिने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापन सूचना प्रणाली विकास गर्ने | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | सूचना प्रणाली सञ्चालनका लागि पूर्वाधार, यन्त्र उपकरण र साधन स्रोतको व्यवस्था गर्ने। | | | | | | १५०० | | |
| कार्यक्रम/क्रियाकलाप | सूचना प्रणाली सञ्चालनका लागि जनशक्ति विकास र परिचालन मापदण्ड बनाइ लागु गर्ने । | | | | | | १२०० | | |
| | **रणनीति ८ को जम्मा** | | | | | | **३७००** | | |
| **रणनीति ९** | **फोहोरमैला व्यवस्थापनका सबै क्रियाकलापहरु परिणाममुखी बनाउन तटस्थ स्रोत साधन सम्पन्न र जवाफदेही अनुगमन संयन्त्र तयार गर्ने ।** | | | | | | | | |
| कार्यनीति | फोहोरमैला व्यवस्थापनका क्रियाकलापहरु चुस्त, दुरुस्त र परिणाम मुखि बनाउन अधिकार सम्पन्न र तटस्थ संयन्त्र बनाइने छ । | | | | | | | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यनीति | अनुगमन संयन्त्रलाई सक्षम र स्रोत साधन सम्पन्न बनाइने छ । | | | | | | | | |
| कार्यनीति | अनुगमन कार्य नियमित र प्रभावकारी बनाउने व्यवस्था मिलाइने छ । | | | | | | | | |
| कार्यनीति | सिङ्गो फोहोरमैला व्यवस्थापन प्रणाली लागु भए पश्चात देखिएका कमिजोरीहरु सुधार्दै जाने र राम्रा सिकाईहरु अझ व्यवस्थित गर्दै लगिने छ । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर परिचालनका लागि निर्दिष्ट जिम्मेवारी, साधन स्रोत र प्रविधि हस्तान्तरण गर्ने । | | | | | | २५०० | | |
| कार्यक्रम/क्रियाकलाप | सम्भावित वित्तीय जोखिम न्यूनिकरण गर्न स्वच्छ हिमाल अधियान कोषको स्थापना गर्ने। | | | | | | ५००० | | |
| कार्यक्रम/क्रियाकलाप | स्वच्छ हिमाल कोष सञ्चालन कार्यबिधि निर्माण गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापन कार्यको नियमित अनुगमन सम्यन्त्र निर्माण गर्ने। | | | | | | १००० | | |
| कार्यक्रम/क्रियाकलाप | फोहोर व्यवस्थापन कार्यको कार्य प्रगति विश्व समुदायलाई उपलब्ध गराउने अन्तराष्टिय स्तरको तेश्रो पक्ष अनुगमन (वर्षमा एक पटक) सञ्चालन गर्ने । | | | | | | १२०० | | |
| कार्यक्रम/क्रियाकलाप | वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । | | | | | | १००० | | |
| | **रणनीति ९ को जम्मा** | | | | | | **११२००** | | |
| | **कुल जम्मा** | | | | | | **६१४५०** | | |

## ३.११ रणनीति कार्यान्वयन कार्य योजना-सगरमाथाका लागि

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| तल राखिएका कार्यक्रमहरु अनिवार्यरुपमा लागू गरिने छ । लागू भए/नभएको अनुगमन गर्ने जिम्मेवार निकाय पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुको हुनेछ । सो अनुसार अनुगमन गर्दा कार्य नभएको पाइएमा पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुको सिफारिसमा जरिमाना गरिने छ । | | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शीविरमा पर्यटन विभागको फिल्ड अफिस स्थापना गरी आरोहण अवधिभर लियाजोन अफिसर खटाइने । | | | | | | २००० | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शीविरमा रहेको पर्यटन विभागको फिल्ड अफिसले प्रत्येक आरोहण दल तथा तिनका सदस्यहरु लाई सरसफाईका न्यूनतम मापदण्ड सम्बन्धी अभिमूखिकरण गरिने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुले प्रत्येक आरोहिले आधार शीविर वा आधार शीविरभन्दा माथि लैजाने सामग्रीहरुको सूची बनाई दर्ता गराउने । | | | | | | ५० | | |
| कार्यक्रम/क्रियाकलाप | पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुले आधार शीविरभन्दा माथि पूप ब्यागको प्रयोग अनिवार्य गरी फिर्ता आए/नआएको यकिन गर्ने । | | | | | | ५०० | | |
| कार्यक्रम/क्रियाकलाप | क्याम्प २ मा फोहोरमैला ब्यवस्थापनका लागि अनुगमन गर्न फोहोरमैला ब्यवस्थापनको जिम्मेवारी पाएका सङ्घ संस्थाका प्रतिनिधि र माउण्टेन रेञ्जरको सयूक्त समुहलाई परिचालन गर्ने । | | | | | | ३००० | | |
| कार्यक्रम/क्रियाकलाप | क्याम्प २ भन्दा माथि फोहोर हुन नदिन र भएको फोहोर घटाउन न्यूनतम ३ के. जी. फोहोर प्रत्येक आरोहिहरुले फिर्ता ल्याई पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरु लाई बुझाउनु पर्ने । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शीविर भन्दा माथि लगिने ब्यानर, झण्डा, Prayer Flag आदि Bio-degradable (प्राकृतिकरुपमा सड्ने प्रकारको) हुनु पर्ने र लम्बाई समेत निश्चित | | | | | | | | |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | बजेट रकम रु हजारमा | कार्यान्वयन नेत्रित्व र साझेदार संस्थाहरु | कार्य सम्पादनको न्यूनतम मापदण्ड (बेन्चमार्क), सूचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | गरिनु पर्ने, यदि Non Bio-degradable (प्राकृतिकरुपमा नसड्ने) प्रकारको भए पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुले फिर्ता ल्याए/नल्याएको यकिन गर्ने । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शीविर भन्दा माथि बाटो बनाउन प्रयोग हुने डोरी र अन्य सामग्रीहरु बाटो बनाउन जिम्मेबारी पाएका सङ्घ संस्थाहरुले बाटो बनाएको वर्षनै अनिवार्य फिर्ता ल्याई सोको जानकारी पर्यटन विभागको फिल्ड अफिसलाई गराउनु पर्ने । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | Base Camp भन्दा माथि बाटो बनाउन जिम्मेवारी पाएका सङ्घ संस्थाहरुले फोहोरमैला ब्यवस्थापन तथा अनुगमनसमेत गर्नु पर्ने । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | पुरानो फोहोर तथा मानव शवको ब्यवस्थापन गर्न Clean up Campaign प्रत्येक वर्ष पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन बिभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुको अगुवाइमा सञ्चालन गर्ने । | | | | | | ३००००० | | |
| कार्यक्रम/क्रियाकलाप | आधार शीविरको ब्यवस्थापनका लागि खुम्बु पासाङल्हामु गाउँपालिकाले बनाएको आधार शीविर ब्यवस्थापन कार्यविधि लागू गर्न समन्वय गर्ने र कार्यान्वयन भए/नभएको अनुगमन गर्ने । | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | सगरमाथाको आधार शीविर स्थानान्तरणका लागि आवश्यक सम्भाब्यता अध्ययन गर्ने । | | | | | | २००० | | |
| **जम्मा** | | | | | | | **३०८०५०** | | |

# अनुसूची

# अनुसूची १ मुख्य साझेदार संस्थाहरु

१. Nepal Mountaineering Association (NMA)-President Nima Nuru Sherpa

२. Expedition Operator Association-Krishna Aryal/Rishi Bhandari

३. Everest Summiteers Association-General Secretary Shiva Sapkota

४. Nepal National Mountain Guide Association

५. Trekking Agencies' Association of Nepal (TAAN)

६. Trekking Guides Association of Nepal

७. Department of Tourism

८. Nepal Tourism Board